जब तिमीहरू मध्ये कसैले आफ्नो वुजू तोड्छ भने वुजू नगरुन्जेल अल्लाहले उसको नमाज स्वीकार गर्नुहुन्न ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जब तिमीहरू मध्ये कसैले आफ्नो वुजू तोड्छ भने वुजू नगरुन्जेल
अल्लाहले उसको नमाज स्वीकार गर्नुहुन्न ।" [सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, नमाज सही हुने सर्तहरू मध्ये एक तहारत (शुद्धता) हो । तसर्थ, जसको पिसाब, दिसा, निद्रा आदि कारणले वुजू टुट्छ र नमाज पढ्न चाहन्छ भने उसले अनिवार्य रुपमा वुजू गर्नु पर्छ ।

https://sunnah.global/hadeeth/ne/show/3534